# मलंगवा नगरपालिका

## मलंगवा राजपत्र

खण्डः. ५ संख्या ११ मितिः २०८०।०४।०१

**भाग-१**

**मलंगवा नगरपालिका**

छ

**<u>मलंगवा नगरपालिकाको विनियोजन ऐन, २०८०</u>**

# मलंगवा नगरपालिकाको विनियोजन  ऐन,२०८०

स्वीकृति मिति : २०८०।०३।२८
लागु मिति : २०८०।०४।०१

प्रस्तावना :  मलंगवा नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि  संचित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न आवस्यक भएकाले,नेपालको संबिधानको धारा २२९ को उप-धारा २ स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम मलंगवा नगरपालिकाको आठौ नगर सभाले यो ऐन बनाएको छ ।

१॰ **संक्षिप्त नाम र प्रारम्भ :** (१)  यस ऐनको नाम **"मलंगवा नगरपालिकाको विनियोजन ऐन २०८०"** रहने छ
(२)  यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२ **आर्थिक आ॰व॰ २०८०।०८१ को निम्ति सन्चित कोषबाट रकम खर्च गर्ने अधिकार**

(१) आर्थिक बर्ष **२०८०।०८१** को निम्ति नगरकार्यपालिका,  वडा कार्यालय,  विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निम्ति अनुसुचि १ मा उल्लिखीत  चालु खर्च,  पुजिगत खर्च र वित्तिय ब्यवस्थाको रकम समेत गरि जम्मा रकम रु ५८४१९८०००।०० अक्षरुपी (अन्ठाउन् करोड एकचालिस लाख अन्ठानब्बे हजार मात्र ) मा नवढाइ निर्दिष्ट गरिए बमोजिम सन्चितबाट खर्च गर्न सकिनेछ । साथै संघीय सरकार, प्रदेश सरकार र अन्तरिक स्रोतबाट पछि प्राप्त हुने रकम  तथा क्रमागत रकम समेत खर्च गर्न सकिनेछ ।

३॰ विनियोजन : (१)  यस ऐनबाट सन्चित कोषबाट खर्चगर्न अधिकार दिइएको रकम आर्थिक बर्ष **२०८०।०८१** को निम्ति मलंगवा नगरपालिकाको नगर कार्यपालिका,  वडा कार्यालय र विषयगत समिति वा शाखाले गर्ने सेवा र कार्यहरुको निम्ति विनियोजन गरिनेछ ।

(२)  उपदफा (१)  मा जुनसुकैकुरा लेखिएको भएता पनि कार्यपालिका,बडा कार्यालय र विषयगत समिति वा शाखाले गर्ने सेवा र कार्यहरुको निम्ति विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने भएमा नगर कार्यपालिकाले बचत हुने  शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा सामान्यत: एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५%  प्रतिशतमा नबढ्ने गरी सार्न, निकासा गर्न र खर्च जनाउन सकिनेछ ।
पुजिगत खर्च र वित्तिय ब्यवस्था तर्फ विनियोजित रकम सांवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्ने र वित्तीय ब्यवस्था अन्तर्गत सावा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।
तर चालु तथा पुजिगत खर्च र वित्तीय ब्यवस्थाको खर्च ब्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न वा परिवर्तन गर्न सकिनेछ ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट को शीर्षकको जम्मा स्वीकृत्त रकमको २५%  भन्दा बढी हुने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्नु परेमा नगर सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

आज्ञाले
गेहनाथ  गौतम
प्रमुख  प्रशासकीय  अधिकृत